# स्थानिय राजपत्र

**बिगु गाउँपालिकाद्वारा प्रकाशित**

| खण्डः ९ | संख्याः ६ | मितिः २०८२/१२/२९ |
|---|---|---|


## भाग-२

नेपालको संविधान को धारा २१५को उपधारा (१) बमोजिमको कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# विगु गाउँपालिकाको कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

**प्रस्तावना :**

संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को अधीनमा रहि अनुसार कृषि तथा पशुपालन सम्बन्धी अधिकार स्थानीय सरकारमा निहित छन्। यस आधारमा बिगु गाउँपालिकाले कृषि उत्पादन, उत्पादकत्व वृद्धि, व्यवसायिकरण र रोजगारी सिर्जना गरी कृषकको आय बढाउने उद्देश्य लिएको छ। यसका लागि कृषकको आवश्यकता अनुसार प्रविधि र सेवा उपलब्ध गराउन “बिगु गाउँपालिकाको कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२” जारी गरिएको छ।

### परिच्छेद-१
### नाम, परिभाषा र उद्देश्य

**१. नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम "बिगु गाउँपालिकाको कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२" रहेको छ ।

ख. यो कार्यविधि बिगु गाउँ कार्यपालिकाले पारित गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "**अध्यक्ष**" भन्नाले बिगु गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

ख. "**उपाध्यक्ष**" भन्नाले बिगु गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।
ग. "**ऐन**" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई बुझाउँछ ।
घ. "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले बिगु गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्न जिम्मेवारी तोकिएको प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।
ङ. "**कानुन**" भन्नाले संघीय कानुन, प्रदेश कानुन र स्थानीय कानुन सम्झनु पर्दछ ।
च. "**कार्यपालिका**" भन्नाले गाउँकार्यपालिका सम्झनु पर्दछ ।
छ. "**कार्यविधि**" भन्नाले बिगु गाउँपालिकाको कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन तथा
व्यवस्थापन कार्यविधि २०८२ लाई सम्झनु पर्छ ।
ज. "**कृषि**" भन्नाले जीवनधान्न र विकास वृद्धिका लागि आवश्यक खाना, रेशा, जैविक उर्जा, जडिबुटी र अन्य वस्तु उत्पादन गर्न प्रयोग गरिने बिरुवा, पशुपन्छी (माछा समेत) र ढुसी (च्याउ जात) को खेती वा पालन र प्रजनन सम्बन्धी कार्य भन्ने बुझाउँछ ।
झ. "**कृषक**" भन्नाले कृषि वा कृषि क्षेत्रमा संलग्न व्यक्ति, खाना वा कच्चा पदार्थ उत्पादनको लागि जीवित (बाली वा पशुपन्छी मत्स्य आदि) वस्तुको उत्पादनमा संलग्न व्यक्ति भन्ने बुझाउँछ ।
ञ. "**गाउँपालिका**" भन्नाले संविधान बमोजिम स्थापना भएका बिगु गाउँपालिका कार्यालय सम्झनुपर्छ । यसले गाउँ कार्यपालिकालाई समेत जनाउने छ ।
ट. "**गाउँसभा**" भन्नाले संविधानको धारा २२२ को उपधारा १ बमोजिमको गाउँसभा सम्झनु पर्छ।
ठ. "**पदाधिकारी**" भन्नाले कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा कार्यपालिकाका अन्य सदस्य सम्झनु पर्छ ।
ड. "**विषयगत शाखा**" भन्नाले बिगु गाउँपालिकामा कृषि तथा पशुपन्छी क्षेत्रको विकासका लागि स्थापना भएका शाखा, इकाई तथा सेवा केन्द्रलाई जनाउँछ । यसले अन्य विषयगत क्षेत्रको विकासका लागि बिगु गाउँपालिकामा स्थापना भएका शाखालाई समेत जनाउँछ ।
ढ. "**मन्त्रालय**" भन्नाले कृषि तथा पशुपन्छी विकास विषय हेर्ने नेपाल सरकारको संघीय मन्त्रालय तथा प्रदेश सरकारको प्रादेशिक मन्त्रालय सम्झनु पर्दछ ।
ण. "**योजना**" भन्नाले आयोजना, परियोजना तथा कार्यक्रम समेतलाई जनाउँदछ ।
त. "**वडा**" भन्नाले बिगु गाउँपालिकाको वडालाई सम्झनु पर्छ ।
थ. "**वडाअध्यक्ष**" भन्नाले बिगु गाउँपालिका वडाका अध्यक्षलाई सम्झनु पर्दछ ।
द. "**वडासमिति**" भन्नाले संविधानको धारा २२२ को उपधारा ४ बमोजिमको गाउँपालिकाको वडा समिति सम्झनुपर्छ ।
ध. "**सदस्य**" भन्नाले गाउँसभा वा गाउँकार्यपालिकाको सदस्य सम्झनु पर्छ र यो शब्दले गाउँसभा वा गाउँकार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष वा वडा समितिको सदस्यलाई समेत जनाउँछ ।
न. कृषि विकास समितिको सम्बन्धमा गाउँपालिकामा कृषि विकास कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्न गठन भएको कृषि विकास समिति तथा उपसमितिका संयोजक, उपसंयोजक तथा सदस्य समेतलाई जनाउँछ ।
प. "**समिति**" भन्नाले यस कार्यविधिको व्यवस्था अनुसार गाउँपालिका गठन भएको कृषि तथा
पशुपन्छी विकास समिति तथा उपसमितिलाई जनाउँछ ।
फ. "**संविधान**" भन्नाले नेपालको संविधानलाई बुझाउँछ ।
ब. "**संघ**" भन्नाले संघीय संरचनाको सबै भन्दा माथिल्लो इकाइको रुपमा रहने संघीय तह सम्झनु पर्छ ।

भ. "**प्रदेश**" भन्नाले संघीय इकाइमा विभाजन गरिएको नेपालको संघीय इकाइको बाग्मती प्रदेश सम्झनु पर्छ ।
म. "**स्थानीय तह**" भन्नाले गाउँपालिकालाई जनाउँदछ ।

**३.कार्यविधिको उद्देश्य** :
यस कार्यविधिको मूल उद्देश्य यस बिगु गाउँपालिकाको आफ्नो कार्य क्षेत्र भित्र अवलम्बन गर्ने कृषि विकास कार्यक्रमको तर्जुमा, सो को प्रभावकारी सञ्चालन तथा व्यवस्थापनमा सहयोग पुऱ्याउने र कृषक परिवारलाई कृषि सेवा प्रवाह गर्ने रहेको छ । यसका विशिष्ट उद्देश्यहरू देहाय अनुसारका रहेका छन् ।
क. कृषि प्रसार सेवालाई बहुपक्षीय एवं प्रभावकारी रुपमा सञ्चालनका लागि यस गाउँपालिका तथा वडा तहमा आवश्यक संस्थागत संरचना बनाउन र सो को प्रभावकारी परिचालनमा सहयोग गर्ने।
ख. यस बिगु गाउँपालिकाको आवधिक तथा वार्षिक कृषि विकास योजना तर्जुमा तथा कार्यान्वयन गर्न सहयोग पुऱ्याउने ।
ग. कार्यक्रम तर्जुमा तथा सञ्चालनमा एवम् जवाफदेहिताको सुनिश्चितता गर्न सहयोग गर्ने ।
घ. कृषि तथा पशुपन्छी विकासका कार्यक्रम सञ्चालनका लागि आवश्यक नीति निर्माण तथा मापदण्ड निर्धारण गर्न सहयोग पुऱ्याउने ।

## परिच्छेद-२
## कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन समिति सम्बन्धी व्यवस्था

**४. कृषि तथा पशु विकास कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमको समिति रहनेछ :**

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| ख. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग. गाउँपालिकाले तोकेको एक जना वडा अध्यक्ष | सदस्य |
| घ. आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ङ. पशु सेवा शाखा प्रमुख | सदस्य |
| च. कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

१. समितिले आवश्यकता अनुसार बैठकमा सम्बन्धित विषय विज्ञहरूलाई आमन्त्रण गर्नसक्नेछ । समितिले बढीमा तीन वटा बैठकबाट कार्य सम्पादन गरिसक्नु पर्नेछ ।
२. समितिले आवश्यकता अनुसार आफ्नो काम कारवाहीलाई वस्तुपरक बनाउन समितिका सदस्यहरू मध्येबाट एक जना संयोजक र बढीमा २ जना सदस्य रहेको उप समिति गठन गरी मूल्याङ्कन प्रतिवेदन लिन सक्नेछ । उपसमितिको बैठक बस्नु परेमा बढीमा दुई वटा बैठकबाट कार्य सम्पादन गर्नुपर्नेछ ।

**५. कृषि तथा पशु विकास समितिको काम, कर्तव्य र अधिकार :**
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेखित प्रावधानहरूको परिधि भित्र रही यस गाउँपालिकाको कृषि विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

क. कृषि तथा पशु विकास सम्बन्धी स्थानीय नीति, कानुन, कार्यविधि, मापदण्ड तर्जुमा गराउन सहजीकरण गरि आवश्यकता अनुसार गाउँकार्यपालिकाबाट पास गराउन ऐन बनाई स्थानीय राजपत्रमा प्रकाशित गर्न र सो को कार्यान्वयनमा सहजीकरण गर्ने ।

ख. गाउँपालिकाको कृषि विकासको प्राथमिकताहरू निर्धारण गर्न कार्यपालिकालाई सहजीकरण गर्ने ।

ग. गाउँपालिकाको रणनैतिक, आवधिक तथा वार्षिक कृषि योजना तर्जुमा गर्न र सो को गाउँसभाबाट अनुमोदन गराउन सहजीकरण गर्ने । योजना तर्जुमा गर्दा सम्बन्धित सबै सरोकारबालाहरूको सहभागिता गराउनका लागि सहजीकरण गर्ने ।

घ. महिला तथा विपन्न वर्ग, व्यवसायिक कृषक लक्षित गरि कृषि विकास कार्यक्रम तर्जुमा तथा सो को कार्यान्वयनमा सहयोग गर्ने ।

ङ. पालिकामा कृषि सम्बन्धी सूचना, तथ्याङ्क राख्न, तिनको विश्लेषण र रणनैतिक प्रकृयामा यस्ता सूचना तथा तथ्याङ्कको उपयोग गर्न सहजीकरण गर्ने ।

च. कृषि तथा पशु सम्बन्धी उत्पादन सामग्री जस्तै मल, बीउ, नश्ल आदिको मापदण्ड निर्धारण तथा सो को अनुगमनमा समन्वय एवं सहजीकरण गर्ने ।

छ. स्थानीय उत्पादन, प्राङ्गारिक उत्पादन आदिको सिफारिस तथा आवश्यक प्रमाणपत्र उपलब्ध गराउन सहजीकरण गर्ने ।

ज. पालिकामा मुख्य मुख्य कृषि तथा पशुजन्य उपजको विस्तार एवं विविधिकरण र बजारीकरणका लागि यससँग सम्बन्धित बहुसरोकारवाला मञ्चको सञ्चालन एवं सहजीकरण गर्ने ।

झ. सघं, प्रदेश तथा स्थानीय तहका कार्यक्रमको संयोजन तथा कार्यान्वयन र अनुगमनमा संयोजनकारी भूमिका निर्वाह गर्ने ।

ञ. सघं तथा प्रदेशको रणनैतिक प्राथमिकता प्राप्त कार्यक्रमलाई स्थानीय तहको लक्ष्य तथा उपलब्धीसँग जोड्न सहजीकरण गर्ने ।

ट. कृषि उत्पादन, उत्पादकत्व वृद्धि तथा उत्पादित वस्तुहरूको प्रशोधन र बजारिकरण गर्न आवश्यक नीतिगत व्यवस्था गर्न गाउँकार्यपालिकालाई सहयोग एवं सहजीकरण गर्ने ।

## परिच्छेद-३
## कृषि विकास कार्यक्रमहरूको विवरण

**६. कार्यालयको स्वीकृत : वार्षिक कार्यक्रम तथा बजेट परिधि भित्र रहि देहाय बमोजिमका कार्यक्रमहरू गर्न सकिनेछ :-**

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | मापदण्डहरु | संचालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम /प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| | | कृषक समूह, कृषि सहकारी संस्था, कृषि फर्म वा कृषक स्वयमले कृषि तथा पशुपन्छी पेशामा आवद्ध रहि खाद्यन्नबाली (धान, गहुँ, मकै) को हकमा १० रो.क्षे., फलफुलबाली (सुन्तला, कागति, जुनार, | सूचना प्रकाशन /स्थलगत प्राविधिक मुल्याङ्कन, फिल्ड अनुगमन अवलोकन/अगुवा कृषक छनौट | कृषि पेशालाई मर्यादित तथा सम्मानित बनाउन छनौट समितबाट सिफारिस भएको अगुवा कृषकको | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | अगुवा किसान कृषि सहायता कार्यक्रम | एभोकाडो, किवि, ड्रागन फ्रुट, ओखर, नस्पाति, स्याउ) को हकमा २ रो.क्षे. तरकारीबाली को हकमा १.५ रो.क्षे., आलु बालीको हकमा ५ रो.क्षे., मौरीपालन हकमा १५ वटा घार, च्याउ उत्पादनको हकमा १०० बल, चौरीगाईपालन हकमा १५-२०वटा, गाईपालनको हकमा १० वटा, भैंसीपालन हकमा ५-८ वटा, भेडापालनको हकमा ५०-३०० वटा, बाख्रापालनको हकमा ३०-६० वटा, पन्छीपालनको हकमा ३० वटा, मत्स्यपालनको हकमा २ वटा पोखरी लगाएत कार्यमा निरन्तर २ वर्ष देखि कृषि पेशामा संलग्न रहेको हुनुपर्नेछ । | समितिबाट कम्तिमा २० जना सिफारिस गर्नुपर्नेछ । | बैंक खातामा सिधै EFT प्राणीबाट प्रति कृषक ५-१० हजारका दरले भुक्तानी दिई प्रोत्साहन तथा सम्मान गर्ने /१०० प्रतिशत अनुदान प्रदान गर्न सकिने छ । | |
| २ | कागुनो गहत फापर लगाएतका रैथाने बाली प्रबर्धन र विकास कार्यक्रम | कृषक,कृषक समूह, कृषि सहकारी संस्था र कृषि फर्म हुनुपर्नेछ ।सूचना प्रकाशन भए पश्चात आवश्यक परिमाण कृषि शाखामा माग गर्नु पर्नेछ ।आवश्यक कृषि यन्त्रहरुमा सहयोग हुनेछ ।कम्तिमा ५रो.क्षेत्रफलमा खेति गरिरहेको हुनेपर्ने ।बीउ उत्पादन गर्नेलाई प्राथमिकता दिने । | रैथानी बाली प्रबर्धन र बिकास कार्यक्रमका लागि कागुनो गहत फापर कोदो लगाएको मूल बीउ/उन्नत बीउ बिजन खरिद,आवश्यक कृषि यन्त्र उपकरण सामाग्री खरिद, रैथाने बाली प्रशोधनमा सहयोग /ढुवानीमा अनुदान | खरिद गरिएको परल मूल्यमा १०० प्रतिशत अनुदान प्रदान तथा निशुल्क उपलब्ध गराउन सकिने/ ढुवानी तथा यन्त्र उपकरणमा १०० प्रतिशत अनुदान प्रदान गरिने । | |
| ३ | किवि खेति गर्ने कृषकहरुलाई किवि थाक्रा वितरण कार्यक्रम | किवि खेति गरिरहेका कृषक,कृषक समूह, कृषि सहकारी संस्था र कृषि फर्म हुनुपर्नेछ ।सूचना प्रकाशन, थाक्रा मागका लागि किवि लगाएको जग्गाको क्षेत्रफल खुल्ने बोट बिरुवा संख्याको आधारमा आवश्यक परिमाण माग निवेदन, | किवि थाक्रा निर्माण/खरिद, आवश्यक कृषि औजार यन्त्र, भण्डारणको लागि क्रेट/ग्रिननेट अन्य सामग्री खरिद । | ९० प्रतिशत अनुदान प्रदान गरिनेछ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सम्बन्धित वडा कार्यालयको सिफारिस/प्राविधिक स्थलगत अनुगमन तथा छनौट/किवि कम्तिमा २ रो.भन्दा बढी क्षेत्रफलमा लगाएको हुनुपर्ने । | | | |
| ४ | हाते ट्याक्टर वितरण कार्यक्रम | गाउँपालिका भित्र व्यवसायिक रुपमा खाद्यन्न,तरकारी, फलफुल, रैथाने बाली, आलु खेति गर्ने कृषक, कृषक समूह, कृषि सहकारी संस्था र कृषि फर्म हुनुपर्नेछ ।हाते ट्याक्टरको लागि सूचना प्रकाशन पश्चात आवश्यक परिमाण कृषि शाखामा माग गर्नु पर्नेछ ।व्यवसायका आधारमा स्थलगत निरक्षण कृषक छनोट समितिबाट कृषक/लाभग्राही छनोट गरिनेछ । | खरिद प्रक्रिया अनुसार हाते ट्याक्टर खरिद गरि वितरण गरिनेछ ।हाते ट्याक्टर मर्मत तथा क्षमता अभिवृद्धका लागि तालिम तथा गोष्ठ संचालन गरिनेछ । | हाते ट्याक्टर मा ९० प्रतिशत अनुदान प्रदान गरिनेछ र तालिम तथा गोष्ठिको लागि लागत खर्च इस्टिमेट अनुसार हुनेछ । | |
| ५ | बीउ वितरण कार्यक्रम (खाद्यन्न, तरकारी) | कृषक, कृषक समूह, कृषि सहकारी संस्था र कृषि फर्म हुनुपर्नेछ ।१ रोपनी भन्दा धेरै क्षेत्रका लागि बीउ माग गर्दा जग्गाको लालपुर्जाको प्रतिलिपि पेश गर्नुपर्ने ।बीउ उत्पादनको बाली लगाउदाँ प्राविधिक दृष्टिकोनले उपयुक्त क्षेत्र तथा बाली अनुसार कायम हुन सक्ने भौगोलिक अवस्था हुनुपर्ने।सूचना प्रकाशन भए पश्चात आवश्यक बीउ कृषि शाखामा माग गर्नुपर्ने छ। | बाली उत्पादनमा प्रयोग गरिने बीउ खरिद/ढुवानी तथा यन्त्र उपकरण/सामग्रीमा अनुदान | बीउको परल मुल्यमा १०० प्रतिशत अनुदान यदि वर्णशंकर बीउ वितरण हकमा परल मुल्यमा बढिमा ९० प्रतिशत अनुदान/ढुवानी तथा यन्त्र उपकरणमा १०० प्रतिशत अनुदान प्रदान गरिने। | |
| ६ | फलफुल विरुवा वितरण कार्यक्रम | कृषक, कृषक समूह, कृषि सहकारी संस्था र कृषि फर्म हुनुपर्नेछ ।१ रोपनी भन्दा धेरै क्षेत्रका लागि बिरुवा माग गर्दा जग्गाको लालपुर्जाको प्रतिलिपि पेश गर्नुपर्ने | हिउँदे तथा वर्षे फलफुल विरुवाहरु किवि, नास्पती, ओखर, स्याउ, ड्रागन फ्रुट, एभोकाडो, | फलफुल विरुवाको लागि सिजन अनुसार ल्याइएको कलमी/बिजु बिरुवामा परल | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ।बिरुवा लगाउदाँ प्राविधिक दृष्टिकोणले उपयुक्त क्षेत्र तथा हावापानी अनुसार कायम हुन सक्ने भौगोलिक अवस्था हुनुपर्ने।सूचना प्रकाशन भए पश्चात आवश्यक बिरुवा कृषि शाखामा माग गर्नुपर्ने छ।बिरुवा विरण गर्नुभन्दा पहिला बिरुवा रोप्ने खाल्डोको यकिन गरेरमा मात्र विरुवा प्रदान गरिने र बिरुवा लगाउन प्रतिबद्धता गराउन सकिनेछ । | सुन्तला, कागती, जुनार, कफि, चिया र टिमुर जस्ता विरुवा कलमी तथा बिजु विरुवा खरिद वितरण/ ढुवानी तथा यन्त्र उपकरणमा अनुदान | मुल्यमा १०० प्रतिशत अनुदान/ढुवानी तथा यन्त्र उपकरणमा ९० प्रतिशत अनुदान प्रदान गरिने। | |
| ७ | फलफूल तथा तरकारी प्रबर्द्धन कार्यक्रम | कृषक, कृषक समूह, कृषि सहकारी संस्था र कृषि फर्म हुनुपर्नेछ ।<br>(क) सम्भाव्य पकेट क्षेत्रलाई प्राथमिकता कार्यक्रम सन्चान गर्दा विभिन्न मापदण्डहरुलाई आधार मानी स्थानीय तहबाट छनौट गरिएका पकेट क्षेत्रहरुलाई प्राथमिकता दिई व्यवसायिक फलफूल तथा तरकारी प्रबर्द्धन कार्यक्रमहरु सन्चालन गरिनेछन् ।यसले सानाकिसान तथा अन्य सम्भाव्य क्षेत्रहरुमा पोषण सुरक्षा वा व्यावसायिक दृष्टिले गर्न खोजिने फलफूल तथा तरकारी खेतीलाई | फलफूल तथा तरकारीको बिरुवा, बीउ खरिद/ढुवानी तथा कृषि औजार यन्त्र उपकरण आवश्यक सामग्रीमा अनुदान | लागत इस्टमेट अनुसार खर्च गरिनेछ ।फलफुल तथा तरकारीको बिरुवा, बीउ परल मूल्यमा ९० प्रतिशत अनुदान र ढुवानीमा १०० प्रतिशत अनुदान र कृषि औजार यन्त्र उपकरण आवश्यक सामग्रीमा ९० प्रतिशत अनुदान | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बाधा पुऱ्याउने भने छैन ।<br>(ख) व्यावसायिक महत्व बोकेका बालीलाई प्राथमिकता कार्यक्रम सन्चालन गर्ने प्रत्येक वडा कार्यालयले आफ्नो वडाको प्राथमिकता ३ फलफूल बालीहरु, ३ तरकारी बालीहरु छनौट गर्नुपर्नेछ ।यस कार्यक्रममा व्यवसायिक महत्व बोकेका ती प्राथमिक ३ बालीलाई विशेष महत्व दिई कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।प्राथमिक फलफूल तथा तरकारी बाली छनौट गर्दा कृषि विकास शाखाको समन्वयमा वडा कार्यालयले निर्णय गर्नेछ ।यसले पोषण सुरक्षाका लागि अन्य फलफूल बालीहरु प्रबर्द्धन गर्न भने बाधा पुऱ्याउने छैन । | | | |
| ८ | तोकिएको फर्म/व्यावसायिक कृषि तथा पशुपन्छी फर्म विकास कार्यक्रम | दर्ता भएका कृषि तथा पशुपन्छी फर्महरुले आवेदन दिन सक्नेछन् । आवेदन दिएका मध्ये एक वडा एक कृषि फर्म छनोट गरिनेछ ।बाली वस्तुलाई प्राथमिकता दिई | कार्यक्रमले सम्बोधन गर्ने क्षेत्रहरु कृषि तथा पशुपन्छी वस्तु उत्पादन, संरचना निर्माण, सिँचाई, | लागत इस्टमेट अनुसार खर्च गरिनेछ /स्वीकृत प्रस्तावमा ९० प्रतिशत अनुदान | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सन्चालन गरिनु पर्ने(रेशम, च्याउ, तरकारी खेती, अदुवा/बेसार खेती, सुन्तला, कागती, जुनार, एभोकाडो, ड्रागन फ्रुट फलफूल) पशुपन्छी विकास कार्यक्रम संचालन गरिनेछ । | प्रशोधन तथा बजारीकरण/कृषि यन्त्र उपकरण आवश्यक सामग्रीमा अनुदान | उपलब्ध गराउन सकिनेछ । | |
| ९ | आकस्मिक बाली संरक्षण कार्यक्रम | बालीनालीमा अनपेक्षित रुपमा रोग किराको आक्रमण भइ क्षति प्रमाणित भइसकेको वा सम्बन्धित कार्यालयले छोटो अवधिमा ठूलो क्षति हुन सक्ने सम्भावना प्राविधिकको समन्वयमा निक्यौंल गरि प्रकोप ठहर गरेमा | आकस्मिक बाली संरक्षण कार्यक्रम वा आवश्यक पर्ने बिषादी,स्प्रेयर,डस्टर लगायतका सामाग्री खरिद गरि प्रकोप नियन्त्रण गर्न औषधी सुविधा दिन सकिनेछ । | १०० प्रतिशत अनुदान प्रदान | |
| १० | व्यवसायिक कृषक क्षमता अभिवृद्धि तालिम | **पालिकास्तरीय कृषक तालिमः**३ दिनसम्म सन्चालन गर्न सकिनेछ ।तालिममा महिला कृषकहरुलाई प्राथमिकता दिई मिश्रित समुहबाट समेत सकभर महिला सहभागि छनौट गर्नुपर्नेछ । न्यूनतम २०-३० जना सहभागि हुनुपर्ने, सहभागि मध्ये ५० प्रतिशत(महिला,आदिवासी,दलित) कृषकहरुलाई प्राथमिकतामा सहभागि गराउनुपर्नेछ ।सूचना प्रकाशन भए पश्चात कृषक,कृषक समूह वा कृषि सहकारी संस्था र कृषि फर्मले वडा कार्यालयको सिफारिस सहित कृषि शाखामा आवेदन पेस गर्न सकिनेछ । | कृषकको माग बमोजिमका विषय वस्तु अनुसारको तालिम सन्चालन तथा प्रशिक्षक भत्ता, कृषकलाई याताया बापतको गाडीभाडा, खाना खाजा खर्च, हल भाडा,स्टेशनरी खर्च अन्य तालिम व्यवस्थापन खर्च | लागत खर्च इस्टमेट अनुसार हुनेछ । | |
| | | **स्थलगत घुम्ती तालिमः**१ दिनसम्म सन्चालन गर्न सकिनेछ ।स्थलगत तालिम सबै प्रकारको पकेट,समय सापेक्ष प्रविधि र समस्या भएका स्थानहरुका कृषक समुहले माग गरे | कृषकको माग बमोजिमका विषय वस्तु अनुसारको तालिम सञ्चालन तथा प्रशिक्षक भत्ता, | लागत खर्च इस्टमेट अनुसार हुनेछ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बमोजिम सन्चालन गर्न सकिने छ। न्यूनतम २०-२५ जना सहभागि हुनुपर्ने, सहभागि मध्ये ५० प्रतिशत(महिला,आदिवासी,दलित) कृषकहरुलाई प्राथमिकतामा सहभागि गराउनुपर्नेछ ।सूचना प्रकाशन भए पश्चात कृषक समूह वा कृषि सहकारी संस्था र कृषि फर्मले वडा कार्यालयको सिफारिस सहित कृषि शाखामा आवेदन पेस गर्न सकिनेछ । | कृषकलाई याताया बापतको गाडीभाडा, खाना खाजा खर्च, हल भाडा,स्टेशनरी खर्च अन्य तालिम व्यवस्थापन खर्च | | |
| ११ | मौरी प्रबर्द्धन कार्यक्रम | कृषक, कृषक समूह, कृषि सहकारी संस्था, कृषि फर्म हुनुपर्नेछ ।मौरीको घार राख्दा प्राविधिक दृष्टिकोणले उपयुक्त क्षेत्र तथा भौगोलिक अवस्था मिलेको हुनुपर्ने ।सूचना प्रकाशन भए पश्चात आवश्यक परिमाणको मौरी घार तथा उपकरण कृषि शाखामा माग गर्नु पर्नेछ । | विभिन्न आधुनिक मौरीसहितको घार खरिद अन्य औजारहरु (महदानी, टोपी, पन्जा, झोला, रानी गेट आदी) अनुदान | घार सहितको मौरीको परल मूल्यमा ९० प्रतिशत अनुदान र ढुवानीमा १०० प्रतिशत अनुदान | |
| १२ | बाँझो जग्गा व्यवस्थापन तथा करार खेती साझेदारीमा अनुदान कार्यक्रम | जग्गा भाडामा लिई व्यवसायिक खेति गर्न कम्तिमा १ हेक्टर क्षेत्रफलमा खाद्यन्न,तरकारी,फलफूल,पुष्प खेति तथा बीउ उत्पादन गर्नु पर्नेछ ।कृषक, कृषक समूह, कृषि सहकारी संस्था वा कषि फर्मले सूचना आह्वान हुनु भन्दा अगाडी ५ वर्षको लागि सम्झौता गरेको हुनुपर्नेछ । | जग्गा भाडा, उत्पादन सामग्री खरिद, सिँचाइ, औजार यन्त्र उपकारणमा अनुदान | जग्गा भाडामा ९० प्रतिशत, सामग्री खरिदमा ९० प्रतिशत | |
| १३ | आलु बीउ उत्पादन कार्यक्रम | कृषक, कृषक समुह, कृषि सहकारी संस्था, कृषि फर्म हुनुपर्नेछ ।५ रोपनी भन्दा धेरै क्षेत्रका लागि बीउ | लागत खर्च इस्टमेट अनुसार हुनेछ/बाली उत्पादनमा प्रयोग | उन्नत बीउ उत्पादनको लागि ल्याइएको उन्नत | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | माग गर्दा जग्गाको लालपुर्जाको प्रतिलिपि पेश गर्नुपर्ने ।बीउ उत्पादनको बाली लगाउदाँ प्राविधिक दृष्टिकोणले उपयुक्त क्षेत्र तथा बाली अनुसार कायम हुन सक्ने भौगोलिक अवस्था हुनुपर्ने।सूचना प्रकाशन भए पश्चात आवश्यक बीउ कृषि शाखामा माग गर्नुपर्ने छ। | गरिने उन्नत बीउ खरिद/ढुवानी तथा यन्त्र उपकरणमा अनुदान | बीउमा परल मुल्यमा ९० प्रतिशत अनुदान/ढुवानीमा १०० तथा यन्त्र उपकरणमा ९० प्रतिशत अनुदान प्रदान गरिने । | |
| १४ | बाली कटानी कार्यक्रम | यस गाउँपालिकाको क्षेत्रमा लगाइएका बालीको उत्पादन तथा उत्पादकत्व निर्धारण गर्नको लागि यस कार्यक्रम सन्चालन गर्न सकिनेछ । | बाली कटानी गर्दा लाग्ने ज्यामीको खर्च तथा अन्य विविध खर्चमा उपयोग गर्न सकिनेछ । | प्रति ज्यामी जिल्लादररेट अनुसार बाली काटेबापत प्रदान गरिनेछ ।अन्य खर्च लागत इस्टमेट अनुसार हुनेछ । | |
| १५ | बाली उपचार शिविर सन्चालन | बाली उपचार सेवा नपुगेका वडाहरुमा कृषि विकास शाखाले रोग तथा किरा नियन्त्रण गर्न सन्चालन गर्न सकिनेछ । | विभिन्न रोग तथा किराको विषाधी खरिद, ढुवानी, वितरण तथा बजेटको परिधि भित्र रहि अन्य व्यवस्थापन र भ्रमाण खर्चमा बजेट उपयोग गरिनेछ । | १०० प्रतिशत अनुदान | |
| १६ | कृषि उपज संकलन केन्द्र निर्माण कार्यक्रम | कृषक समूह, कृषि सहकारी संस्था, कृषि फर्म, उपभोक्ता समिति हुनुपर्नेछ ।यातायात पूर्वाधार पुगेको, पानी, बिजुलीको पहुँच भएको, भण्डारण क्षमता भएको, तौलिने मेसिन, सबैले उपज संकलन गर्ने बिच भाग पर्ने ठाउँ, सार्वजनि तथा संस्थाको नाममा लालपुर्जा प्रमाण पत्र भएको, कम्तिमा १.५ | कृषि उपज संकलन निर्माण, आवश्यक उपकरण, औजार, यन्त्र सामग्री खरिद, बजेट परिधि भित्र प्राविधिक लागत इस्टमेट अनुसार हुनेछ । | पुजीँगत पूर्वाधार विकासको लागि ९० प्रतिशत अनुदान, अन्य प्राविधिक लागत खर्च इस्टमेट अनुसार हुनेछ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | रोपनी क्षेत्रफल हुनुपर्ने, शौचालय सुविधा भएको हुनुपर्नेछ ।सूचना प्रकाशन, लाभग्राही छनौट पश्चात कार्य संचालन हुने । | | | |
| १७ | आकस्मिक बाली संरक्षण सेवा | बालीनालीमा अनपेक्षित रुपमा रोग किराको आक्रमण भइ क्षति प्रमाणित भइसकेको वा सम्बन्धित कार्यालयले छोटो अवधिमा ठुलो क्षति हुन सक्ने सम्भावना प्राविधिकको समन्वयमा निर्क्यौल गरि प्रकोप ठहर गरेमा | आकस्मिक बाली संरक्षण कार्यक्रम वा आवश्यक पर्ने विभिन्न रोग तथा किराको विषाधी,स्प्रेयर, डस्टर लगायतका सामाग्री खरिद गरि प्रकोप नियन्त्रण गर्न औषधी सुविधा दिन सकिनेछ । | १०० प्रतिशत अनुदान प्रदान गरिनेछ । | |
| १८ | मल्चिङ प्लास्टिक वितरण | कृषक, कृषक समूह, कृषि सहकारी संस्था र कृषि फर्म हुनुपर्नेछ ।५ रोपनी भन्दा धेरै क्षेत्रका लागि मल्चिङ प्लास्टिक माग गर्दा जग्गाको लालपुर्जाको प्रतिलिपि पेश गर्नुपर्ने ।सूचना प्रकाशन भए पश्चात आवश्यक मल्चिङ प्लास्टिक कृषि शाखामा माग गर्नुपर्ने छ । मल्चिङ प्लास्टिक कुन प्रयोजनमा प्रयोग गर्ने हो सोको यकिन विवरण खुलाई प्रतिबद्धता गराउन सकिनेछ । | हिउँदे तथा वर्षे फलफुल विरुवाहरु का लागि तरकारी बालि लगायतमा मल्चिङ प्लास्टिक खरिद वितरणमा अनुदान | ९० प्रतिशत अनुदान प्रदान गरिने । | |
| १९ | मौसमी तथा बेमौसमी तरकारीका लागि टनेल प्लास्टिक वितरण | कृषक, कृषक समूह, कृषि सहकारी संस्था र कृषि फर्म हुनुपर्नेछ ।बेमौसमी तरकारी खेतीका लागि टनेल प्लास्टिक कृषि शाखामा माग गर्नुपर्ने छ । टनेल प्लास्टिक कुन प्रयोजनमा प्रयोग गर्ने हो सोको यकिन विवरण खुलाई प्रतिबद्धता गराउन सकिनेछ । | टनेल प्लास्टिक खरिद वितरणमा अनुदान | ९० प्रतिशत अनुदान प्रदान गरिने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| २०. | कृषक तथा कृषि संघ संस्था प्रतिनिधि पुरस्कृत गर्ने कार्यक्रम | वार्षिक अथवा अवधिक रुपमा गाउँपालिका भित्र कृषक, कृषि संघ संस्थाहरुको प्रतिनिधी वा कृषि तथा पशुपन्छी उत्पादन, भण्डारण, बजारीकरण मा योगदान पुऱ्याउने कृषक कृषि संघ संस्था प्रतिनिधीहरुलाई पुरस्कृत गरिनेछ । | सूचना प्रकाशन /स्थलगत प्राविधिक मुल्याङ्कन, फिल्ड अनुगमन अवलोकन/कृषक, कृषि संघ संस्था प्रतिनिधि छनौट समितिबाट छनोट भएका कृषक, कृषि संघ संस्थाहरुको प्रतिनिधी सिफारिस गर्नुपर्नेछ । | कृषि पेशालाई मर्यादित तथा सम्मानित बनाउन छनौट समितबाट सिफारिस भएको कृषक, कृषि संघ संस्थाहरुको प्रतिनिधीको बैंक खातामा सिधै EFT प्राणीबाट पुरस्कृत रकम भुक्तानी दिई पुरस्कृत तथा सम्मान गर्ने /१०० प्रतिशत अनुदान प्रदान गर्न सकिने छ । | |

**परिच्छेद-४**

**पशुपन्छी विकास कार्यक्रमहरूको विवरण**

**६. कार्यालयको स्वीकृत : वार्षिक कार्यक्रम तथा बजेट परिधि भित्र रहि देहाय बमोजिमका कार्यक्रमहरू गर्न सकिनेछ :-**

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | मापदण्डहरु | संचालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम /प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | पशुपन्छी विकास प्रवर्द्धन कार्यक्रम | कृषक, कृषक समूह, कृषि सहकारी संस्था, कृषि फर्म हुनुपर्नेछ । सूचना प्रकाशन पश्चात आवेदन पेस गर्नु पर्नेछ । प्राप्त आवेदनको आधारमा स्थलगत निरक्षण/मूल्याङ्कन गरी प्रस्ताव छनोट समितिबाट लाभग्राही छनौट गरिनेछ । | गोठ निर्माण, उन्नत नक्षका पशु जस्तै गाई, भैंसी, बाख्रा, भेडा, बङ्गुर आदि खरिद/ आवश्यक परजीवी नियन्त्रणका लागि औषधी, घाँस, दाना लगायत अन्य सामग्री खरिद गर्न सकिनेछ । | उन्नत नक्षका पशु जस्तै गाई, भैंसीमा ८० प्रतिशत अनुदान र बाख्रा, भेडा, बङ्गुरको हकमा जिल्ला दररेट अनुसार र अन्य सामग्रीको हकमा प्राविधिक लागत खर्च इस्टमेट अनुसार | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | सबै प्रकारको सामाग्रीमा ८० प्रतिशत अनुदान प्रदान हुनेछ । | |
| २. | पशु स्वास्थ्य शिविर सन्चालन | पशु स्वास्थ्य नपुगेका वडाहरुमा पशु सेवा शाखाले परजीवी नियन्त्रण वा अन्य पशु रोगसँग सम्बन्धित कार्यक्रम सन्चालन गर्न सकिनेछ ।शिविर एउटा वडा मा १ दिनमात्र सन्चालन हुनेछ । | विभिन्न रोगको औषधी खरिद,ढुवानी, वितरण तथा बजेटको परिधि भित्र रहि अन्य व्यवस्थापन र भ्रमाण खर्चमा बजेट उपयोग गरिनेछ । | १०० प्रतिशत अनुदान | |
| ३. | आकस्मिक रोग नियन्त्रण कार्यक्रम | कुनै पनि वडामा आकस्मिक रुपमा महामारी रोग फैलिएमा वडा कार्यालयबाट नियन्त्रण गरि पाउँ भन्ने निवेदनका आधारमा कार्यक्रम सन्चालन गरिनेछ । | खोप,औषधी खरिद गरि सम्बन्धित वडा गई उपचार गरिनेछ ।बजेटको सुनिश्चितता नभएमा विपद् व्यवस्थापन कोषबाट खर्च गरिनेछ । | आकस्मिक रोगको उपचार निशुल्क हुनेछ । | |
| ४. | पशुधन विकास र प्रवर्द्धन कार्यक्रम | कृषक, कृषक समूह, कृषि सहकारी संस्था, कृषि फर्म हुनुपर्नेछ । प्राप्त आवेदनको आधारमा स्थलगत निरक्षण/मूल्याङ्कन गरी प्रस्ताव छनौट समितिबाट लाभग्राही छनौट गरिनेछ । | गोठ निर्माण, उन्नत नश्लका पशु याक, गाई खरिद/ आवश्यक परजीवी नियन्त्रणका लागि औषधी, दाना, पानीका लागि खानेपानी पाइप लगायत अन्य सामग्री खरिद,ढुवानी गर्न सकिनेछ । | ८० प्रतिशत अनुदान प्राविधिक लागत खर्च इस्टमेट अनुसार | |
| ५. | लागत साझेदारीमा चौरी ब्रेडिङ सेन्टर | कृषक, कृषक समूह, कृषि सहकारी संस्था, कृषि फर्म हुनुपर्नेछ ।विगत समय देखि नै चौरीपालन व्यवसाय गरिरहेको, हाल सम्म कुनै पनि किसिमको अनुदान रकम नलिएको लाई विशेष प्राथमिकता दिईनेछ । प्राप्त आवेदनको आधारमा स्थलगत निरक्षण/मूल्याङ्कन गरी | घुम्ति गोठ निर्माण तथा सुधार, चौरी गाई खरिद/ आवश्यक परजीवी नियन्त्रणका लागि औषधी, दाना, पानीका लागि खानेपानी पाइप लगायत अन्य सामग्री खरिद,ढुवानी गर्न सकिनेछ । | लागत खर्च इस्टमेट अनुसार ८० प्रतिशत अनुदान /प्राविधिक लागत खर्च इस्टमेट अनुसार | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्रस्ताव छनौट समितिबाट लाभग्राही छनौट गरिनेछ । | | | |
| ६. | दुग्ध उत्पादन संकलन केन्द्र तथा दुग्ध जन्य उपकरण खरिद कार्यक्रम | कृषक, कृषक समूह, कृषि सहकारी संस्था, निजि फर्म हुनुपर्नेछ ।लामो समय देखि दुध उत्पादन भण्डारण तथा बिक्री वितरण गरेको हुनुपर्नेछ । | दुध संकलन तथा बिक्री वितरण, दुग्ध जन्य प्रदार्थ उत्पादन तथा बिक्री वितरण गर्नु पर्नेछ। दुध उत्पादन तथा भण्डारण गर्न मेसिनरी सामग्री खरिद गर्न सकिनेछ । | लागत खर्च इस्टमेट अनुसार ८० प्रतिशत अनुदान प्रदान गरिनेछ । | |
| ७. | मत्स्यपालन प्रबर्द्धन कार्यक्रम | कृषक, कृषक समूह, कृषि सहकारी संस्था, निजि फर्म हुनुपर्नेछ ।लामो समय देखि माछापालन गर्न गरेको हुनुपर्नेछ ।माछापालनको लागि पूर्वाधार निर्माण/पोखरी मर्मत सम्भार गर्न सकिनेछ । | पुजिँगत संरचना निर्माण/मर्मत सम्भारमा खर्च गर्नु पर्नेछ।भूरा/फिङ्गरलिङ्स खरिद ढुवानी, मत्स्यजन्य उत्पादन तथा भण्डारण गर्न मेसिनरी सामग्री खरिद गर्न सकिनेछ । | पुजिँगत संरचना निर्माण/मर्मत सम्भार प्राविधिक इन्जिनियरको लागत अनुसार हुनेछ । अन्य प्रकृतिको लागत खर्च इस्टमेट अनुसार ८० प्रतिशत अनुदान प्रदान गरिनेछ । | |
| ८ | कुखुरा प्रवर्द्धन कार्यक्रम | कृषक, कृषक समूह, कृषि सहकारी संस्था, निजि फर्म हुनुपर्नेछ ।न्युनतम २००वटा ब्रोइलर, ५०० वटा लेयर्स , स्थानिय जातका कुखुराको लागि २०० वटा पालन गर्नु पर्नछ। | ब्रोइलर,लेयर्स तथा स्थानि जातका कुखुरा खरिद / कुखुराको खोर निर्माण तथा सुधार कार्य /फिडर ड्रिङकर ब्रुडर क्रेट लगायतका उपकरण खरिद/ अण्डा उत्पादन संकलनका लागि आवश्क सामग्रि तथा आवश्यक उपकरण खरिद ।जैविक सुरक्षा सम्बन्धी सामग्री तथा संरचना व्यवस्थापन गर्ने सकिनेछ | लागत खर्च इस्टमेट अनुसार ८० प्रतिशत अनुदान प्रदान गरिनेछ । | |

## परिच्छेद-५
## कार्यक्रम सञ्चालन प्रक्रिया

**७.आवेदन तथा प्रस्ताव माग :** कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार अनुसुची-१ को ढाँचा १५ दिनको सूचना प्रकाशन गरी कृषक/कृषि फर्म/ कृषक समूह/कृषि सहकारी संस्था/उपभोक्त समिति/कम्पनीहरूसँग प्रस्ताव माग गर्नेछ । सम्बन्धित सरोकारवाला सबैको जानकारीका लागि स्थानीय एफ.एम. बाट समेत सो सम्बन्धी सूचना प्रचार प्रसार गर्न सकिनेछ ।

**८. आवेदन पेश :** सूचनामा तोकिए बमोजिमको कागजात सहीत दफा ६मा उल्लेखित कार्यक्रम मापदण्ड पुगेका इच्छुक आवेदकले अनुसूची-२ को निवेदनको ढाँचा सहीत कृषि विकास शाखामा आवेदन पेश गर्नुपर्नेछ ।

**९. प्रारम्भिक छनौट तथा सिफारिस :** दफा ८ बमोजिम प्राप्त आवेदन उपर आवश्यक परेको खण्डमा दफा १३ बमोजिमको अनुगमन समितिको स्थलगत अनुगमन प्रतिवेदन प्राप्त गरी दफा ४ बमोजिमको समितिको बैठक बसी प्रस्ताव छनौट गरिनेछ । वडा कार्यालयबाट स्वीकृत बजेटको हकमा सम्बन्धित वडाको वडा समितिले प्रारम्भिक छनौट गरेको निर्णय संलग्न गर्नुपर्नेछ ।

**१०. सम्झौता प्रक्रिया :**

१. पालिकाले स्वीकृत गरेको प्राविधिक मापदण्ड र सम्झौताको लागि तोकेको ढाँचा बमोजिम छनोट भएका प्रस्तावकहरुसँग सम्झौता गर्नुपर्नेछ ।

२. छनौट भएका अनुदानग्राही र कार्यालय बिच स्वीकृत कार्ययोजना बमोजिम शर्तहरूमा सम्झौता गरिनेछ ।

३. कार्यक्रम सम्झौतामा तोकिएका क्रियाकलापहरू तोकिएको समय अवधि भित्र सम्पन्न गर्नुपर्नेछ ।

## परिच्छेद-६
## आर्थिक पक्ष

**११.अनुदान प्रतिशत र सीमा :**

(१) सम्झौतामा उल्लिखित क्रियाकलापहरु सञ्चालन गर्ने स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही गाउँपालिकाले प्रोत्साहन अनुदान रकम उपलब्ध गराउनुपर्नेछ ।

(२) पालिकाले देहाय बमोजिमको अधिकतम प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछ ।

| क्र.सं. | क्रियाकलापहरुको विवरण | प्रोत्साहन रकमको अधिकतम सीमा |
|---|---|---|
| १. | कृषि, पशुपन्छी तथा मत्स्यजन्य उत्पादन सामग्री | समूह/सहकारी/कम्पनी/निजी उद्यमी फर्म/उपभोक्ता समितिको हकमा बढिमा ९० प्रतिशत र पशुपन्छीको हकमा बढीमा ८० प्रतिशत |
| २. | प्रजनन् प्रयोजनको लागि नश्ल सुधार भाले पशु खरिद | समूह/सहकारीको सामूहिक स्वामित्व/कम्पनी/निजी उद्यमी फर्म/उपभोक्ता समितिको हकमा बढिमा ८० प्रतिशत |

| | | |
|---|---|---|
| ३. | पुँजीगत प्रकृतिको कृषि पूर्वाधार | बढीमा ९० प्रतिशत |
| ४. | पुँजीगत प्रकृतिको पशुपन्छी पूर्वाधार | बढीमा ८० प्रतिशत |
| ५. | सीप विकास तालिम तथा क्षमता अभिवृद्ध तालिम/मेला महोत्सव सञ्चालन | बढीमा १०० प्रतिशत |
| ६. | कृषि उपज ढुवानी / सामाग्री तथा उपकरण खरिद | बढीमा ९० प्रतिशत |
| ७. | पशुपन्छी तथा मत्स्यजन्य उपज पदार्थ ढुवानी / सामाग्री तथा उपकरण खरिद | बढीमा ८० प्रतिशत |
| ८. | लक्षित वर्गका लागि तोकिएका सबै प्रकृतिका कार्यक्रम/क्रियाकलाप | बढीमा ९० प्रतिशत |

(३) कार्यक्रम कुल बजेटको बढीमा २ प्रतिशत रकम कन्टिन्जेन्सीबापत छुट्याउन सकिनेछ र उक्त रकम सूचना प्रकाशन, इन्धन, स्टेशनरी, प्रस्तावको स्थलगत निरीक्षण एवं प्रमाणीकरण, अनुगमन खर्च, भ्रमण, बैठक भत्ता, कार्यालय सञ्चालन तथा अभिमुखीकरण तालिममा खर्च गर्न सकिनेछ ।

## परिच्छेद-७
## रकम भुक्तानी प्रक्रिया

**१२. भुक्तानी प्रक्रिया** :

१. कार्यक्रम सञ्चालनको लागि पेश्की रकम उपलब्ध गराइने छैन । कार्य प्रगति/कार्य सम्पन्नताको आधारमा कार्यालयबाट रकम भुक्तानी हुनेछ ।

२. कार्यक्रम सम्पन्न भएको आधारमा कार्यालयले देहाय बमोजिमको प्रक्रिया पुरा गरे पछि मात्र अनुदान रकम भुक्तानी गर्नेछ :-

क. सम्झौता र कार्ययोजना अनुसारको कार्यक्रम सम्पन्न भए पश्चात् खर्च भएको बिल भरपाईको सक्कल कागजात सहीत समयावधि भित्र पेश गर्नुपर्नेछ ।

ख. सम्पन्न गरिएको क्रियाकलापको फोटो समावेश गर्न पर्नेछ ।

ग. सम्बन्धित अनुदानग्राहीले सञ्चालन गरेका व्यवसायको उत्पादन बजारिकरण तथा
आम्दानी सहीतको प्रगति प्रतिवेदन पेश गर्न पर्नेछ ।

घ. सम्बन्धित वडा कार्यालयको कार्यक्रम सम्पन्नताको सिफारिस पत्र समावेश गर्नु पर्नेछ ।

ङ. सार्वजनिक सुनुवाइ गरेको माइन्युटको प्रतिलिपि संलग्न हुनुपर्नेछ ।

च. कुल लागतमा १ लाख वा सो भन्दा बढीको अनुदान कार्यक्रमको सम्बन्धित स्थलमा कार्यक्रमको विवरण स्पष्ट देखिने गरि सूचना पाटी राखेको हुनुपर्नेछ ।

३. कार्यक्रम रकम भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम आयकर र पूँजीगत निर्माण कार्यको
हकमा नियमानुसार कन्टिन्जेन्सी रकम कट्टा गरिनेछ । उक्त रकम प्रचलित कानुन बमोजिम खर्च गर्न सकिनेछ ।

**परिच्छेद-८**

**कार्यक्रम सुपरीवेक्षण, अनुगमन, प्रतिवेदन र समन्वय व्यवस्था**

**१३. सुपरीवेक्षण तथा अनुगमन** : कृषि तथा पशु विकास कार्यक्रम अनुगमनका लागि देहाय बमोजिमको समिति रहनेछ :-

| | |
|---|---|
| क. गाउँपालिका उपाध्यक्ष | संयोजक |
| ख. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग. सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| घ. आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ङ. पशु सेवा शाखा प्रमुख | सदस्य |
| च. कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

कार्यक्रम सम्पन्न भई सम्बन्धित कृषकले फाइल पेश गरेको १० दिनभित्र अनुगमन गरि अनुगमन समितिले प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**१४. प्रतिवेदन** : सञ्चालित कार्यक्रमको प्रगति विवरण मासिक, चौमासिक र वार्षिक रुपमा सम्बन्धित अनुदानग्राहीले कृषि विकास शाखा समक्ष पेश गर्नुपर्नेछ ।

**परिच्छेद-९**

**विविध**

**१५. कारबाहीको व्यवस्था** : सम्झौता अनुसार कार्य नगरेमा तथा अनुदान प्राप्त सामग्री वा रकमको दुरुपयोग गर्ने अनुदानग्राहीसँग प्रचलित कानुन बमोजिम असुल उपर गरिनेछ ।

**१६. बाधा अड्कन निरुपण र संशोधन** : १. यस कार्यविधि कार्यान्वयनमा बाधा अड्चन वा विवाद भएमा सो को निरुपण बिगु गाउँकार्यपालिकाको कार्यालयले गर्नेछ ।

२. यो कार्यविधिको आवश्यक संशोधन गर्न परेमा बिगु गाउँपालिकाको कार्यपालिका बैठकबाट संशोधन गर्न सकिनेछ ।

**अनुसूची-१**
**(दफा ७ सँग सम्बन्धित)**
**सूचनाको ढाँचा**

प्रथम पटक सूचनाको प्रकाशन मिति :

कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ अनुसारको बिगु गाउँपालिकाको कृषि विकास शाखाको आ.व................को...............कार्यक्रम अन्तर्गत.............कार्यक्रममा सहभागी हुन इच्छुक बलेफी गाउँपालिकाका उद्यमी / कृषक / समुह / सहकारी/ निजी फर्म/कम्पनीहरूले अधिकतम अनुदान सिमा ननाघ्ने गरी यो सूचना प्रकाशन भएका मितिले दिनभित्र तपसिलमा उल्लेखित कागजातहरू संलग्न गरी कृषि विकास शाखामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्तावका साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलग्न गर्नुपर्ने मापदण्ड यस कार्यालयको सूचना पाटी/वेभसाइट www.bigumun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**प्रस्तावको साथमा संलग्न गर्नुपर्ने कागजातहरू :**

१.प्रस्तावको सक्कल निवेदन
२.समुह/सहकारी/निजी फर्म/कम्पनीहरूको नियमानुसार दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि
३.स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपि
४.गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
५.कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहीतको प्रस्ताव
६.सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
७.प्रस्तावकले कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरि अनुदान माग गरिएको निर्णयको प्रतिलिपि
८.प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि
९.निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा
१०.कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षको करार गरिएको सम्झौता प्रमाणपत्र
११.अनुदानग्राहीले सोही प्रकृतिको कार्यक्रममा विगत २ वर्ष भित्र अनुदान रकम नपाएको स्वघोषणा
पेस गर्नुपर्ने

**अनुसूची-२**
**(दफा ८ सँग सम्बन्धित)**
**निवेदनको ढाँचा**

मितिः

श्रीमान् प्रमुख ज्यू,
........................... कृषि तथा पशु विकास शाखा,
लादुक, दोलखा ।

विषय :.......................... कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेको बारे ।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति......................मा प्रकाशित गरिएको सूचना अनुसार ..........................................कार्यक्रममा सहभागी हुने योग्यता पुगेकाले कार्यक्रमको मापदण्ड भित्र रही कार्यालयले उल्लेख गरेको शर्तहरूको अधीनमा रहि कार्यक्रम सञ्चालन गर्न निम्न बमोजिमका कागजातहरू यसै पत्र साथ संलग्न गरी यो प्रस्ताव पेश गरेको छु/छौ ।

**संलग्न कागजातहरूः**

१.समुह/सहकारी/निजी फर्म/कम्पनीहरूको नियमानुसार दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी
२.स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपी र गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी
३.कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहीतको प्रस्ताव
४.प्रस्तावकको सक्कल निवेदन र प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि
५.निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा
६.सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
७.प्रस्तावकले कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरि अनुदान माग गरिएको निर्णयको प्रतिलिपि
८. कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षको करार गरिएको सम्झौता प्रमाणपत्र
९. अनुदानग्राहीले सोही प्रकृतिको कार्यक्रममा विगत २ वर्ष भित्र अनुदान रकम नपाएको स्वघोषणा पेस गर्नुपर्ने

निवेदक :
दस्तखत : .....................................
नाम : .....................................
ठेगाना : .....................................
सम्पर्क नं. : .....................................
संस्थाको छाप : .....................................

## अनुसूची-३
## कार्यक्रमको संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा

कार्यक्रमको नामः जिल्लाः गा.पा. : वडा नः

फर्म/समुह/सहकारीको नामः

मोबाइल नः

१. व्यवसायको परिचयः

२. उद्देश्यः

३. कृषि व्यवसायमा अनुभवः

४. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरणः

५. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरुः

६. तालिम सम्बन्धी विवरणः

७. सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्य विवरणः

| क्र.सं. | सन्चालन गरिने क्रियाकलाप | अनुदान रु. | निजि लागानी रु. | अन्य निकायबाट हुने अनुदान रु. | जम्मा लागनी रु. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

८. सञ्चालन हुने कार्यक्रमको वातावरणीय उपयुक्तता (प्रभाव पार्ने वा नपार्ने)

९. उत्पादित वस्तुको बजार योजनाः

१०. थप आधारहरूः

उपलब्ध जग्गाको क्षेत्रफल.............

कार्यक्रमको स्पष्टता.......................

अपेक्षित वार्षिक प्रतिफल.................

कार्य योजना पेश गर्नेः

फर्म/कृषकको नामः

ठेगानाः............जिल्लाः..........गा.पा...................वडा नं.

फर्म सञ्चालन गरिने स्थानः

फर्म/कृषकको तर्फबाट सही गर्नेको

नामः

दस्तखतः

पदः मितिः

## अनुसूची-४
## प्रस्ताव मूल्याङ्कनका आधारहरू

१. जिल्लाः.................... पालिका......................... वडा नं.............................

२.आवेदकको संस्थाको नामः

३. कार्यक्रम सञ्चालन स्थलको ठेगानाः

४. प्रस्तावित कार्यक्रमको नामः

५. मूल्याङ्कनका आधारहरूः

| क्र.सं. | विवरण | भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| **१.** | **कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था** | **१०** | | |
| १.१ | सडक सुविधा भएको/नभएको | २ | | |
| १.२ | सिँचाई सुविधा भएको/नभएको | २ | | |
| १.३ | विजुली सुविधा भएको/नभएको | २ | | |
| १.४ | जग्गाको स्वामित्व | ४ | | |
| १.४.१ | १ निजी फर्म/संस्थाको नाममा भएको | ४ | | |
| १.४.२ | निजी जग्गा भाडामा लिएको | | | |
| १.४.३ | सार्वजनिक जग्गा भाडामा लिएको | ३ | | |
| **२.** | **व्यवसाय सम्बन्धी अनुभव** | **५** | | |
| २.१ | ३ वर्ष भन्दा कम अनुभव भएको | ३ | | |
| २.२ | ३-५ वर्ष सम्म अनुभव भएको | ४ | | |
| २.३ | ५ वर्ष भन्दा माथि अनुभव भएको | ५ | | |
| **३** | **प्राविधिक दक्षता / सम्बन्धित विषयको तालिम (प्रस्तावित ३कामदारको मात्र)** | **५** | | |
| ३.१ | १ दिन अवधि सम्मको तालिम | २ | | |
| ३.२ | ३ दिन अवधिसम्मको तालिम | ३ | | |
| ३.३ | ७ दिन अवधिसम्मको तालिम | ४ | | |
| ३.४ | १५ देखि माथि अवधिसम्मको तालिम | ५ | | |
| **४** | **वित्तिय क्षमता** | **१०** | | |
| ४.१ | कुल लगानीको ७५% भन्दा माथि लगानीको प्रतिवद्धता पत्र (बैंकको स्टेटमेन्ट वा बैंकको लोन स्वीकृतिको प्रतिबद्धता पत्र) | १० | | |
| ४.२ | कुल लगानीको ५०-७५%% सम्म लगानीको प्रतिवद्धता पत्र (बैंकको स्टेटमेन्ट वा बैंकको लोन स्वीकृतिको प्रतिबद्धता पत्र) | ८ | | |
| ४.३ | कुल लगानीको ५०% तल सम्म लगानीको प्रतिवद्धता पत्र (बैंकको स्टेटमेन्ट वा बैंकको लोन स्वीकृतिको प्रतिबद्धता पत्र) | ६ | | |
| **५.** | **रोजगारी सिर्जना** | **५** | | |
| ५.१ | कम्तिमा ३ जनासम्म | ३ | | |
| ५.२ | ३ जना भन्दा माथि | ५ | | |
| **६.** | **वातावरणीय/सामाजिक उपयुक्तता (प्रस्तावित)** | **५** | | |

| | | | | |
|---|---|---|---|---|
| ६.१ | प्रस्तावित कार्यक्रमको वातावरणीय/सामाजिक प्रभाव आङ्कलन गरिएको | ५ | | |
| ६.२ | वातावरणीय प्रभाव न्यूनिकरणका उपायहरू गरिएको | ३ | | |
| **७.** | **उत्पादित वस्तुको बजार योजना** | **१५** | | |
| ७.१ | आफ्नै पहलमा उत्पादित वस्तुहरूको बजारिकरण सुनिश्चितता | १५ | | |
| ७.२ | समुह / सहकारी / संस्थागत तरिकाले उत्पादित वस्तुको १२बजारिकरण | १२ | | |
| ७.३ | बजारिकरण योजना स्पष्ट भएको | १० | | |
| **८.** | **व्यवसायिक कार्ययोजनाको स्पष्टता (कार्ययोजना जलवायु अनुकुलन लगानी प्रतिफल र दिगोपना)** | **३०** | | |
| ८.१ | उत्तम | ३० | | |
| ८.२ | राम्रो | २० | | |
| ८.३ | ठिकै | १५ | | |
| **९** | **खेतबारीको व्यवस्थापन** | **५** | | |
| ९.१ | राम्रो | ५ | | |
| ९.२ | ठिकै | ३ | | |
| **१०.** | **शैक्षिक योग्यता** | **५** | | |
| १०.१ | SEE सम्म | ३ | | |
| १०.२ | SEE भन्दा माथि | ५ | | |
| **११.** | **वैदेशिक रोजगारीको अनुभव** | **५** | | |
| | जम्मा | १०० | | |

६. स्थलगत अनुगमनमा भेटिएका अन्य विवरणहरूः

क.

ख.

७. स्थलगत अनुगमनमा टोलीको रायः

| **क्र.सं.** | **राय दिनेको नाम थर** | **पद** | **राय** | | | **कारण** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| | | | हुन्छ | हुदैन | सुधार सहित हुन्छ | | |
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |

## अनुसूची-५
## सम्झौता-पत्र

आर्थिक वर्ष ......मा सञ्चालन हुने .....................................कार्यक्रमको लागि कृषि विकास शाखा बिगु ( यस पछि प्रथम पक्ष भनिने) र छनौट भएका कृषक / समुह / समिति / सहकारी
.. ...............................(यस पछि दोस्रो पक्ष भनिने) बिच तपसिलका सर्तनामाको अधीनमा रहि
कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको छ ।

**शर्तनामाहरू :-**

१. प्रथम पक्षले लागत साझेदारीमा अनुदान बापत रु.................दोस्रो पक्षलाई अनुदान/सामग्री सहयोग प्रदान गर्नेछ ।

२. दोस्रो पक्षले बाँकी रकमको व्यवस्था गरी मा ................साल........ महिना ..........भित्र सम्पन्न गर्नेछ ।कार्यक्रमको लागि कुल लागत रु (अक्षरेपी जिल्ला, बिगु गा.पा.को वडा नं मध्ये...)

३. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताबिकको डिजाइन र इस्टमेट अनुसारको सम्पूर्ण कार्यक्रमहरू उच्च गुणस्तर कायम राखी सम्पन्न गर्नेछ ।

४. कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाइन, इस्टिमेट, अन्तिम बिल र कार्यसम्पन्न लगायतका सबै प्राविधिक कार्यहरू तथा निर्माण खरिद ढुवानी सञ्चालन र जग्गाको व्यवस्था आदि दोस्रो पक्षले गर्नेछ ।

५. दोस्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट बिल, दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहीत भुक्तानीको लागी प्रथम पक्ष समक्ष पेश गरे पश्चात् स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिब ठहरे दोस्रो पक्षको बैंक खातामा एकमुष्ट भुक्तानी दिनेछ ।

६. प्रथम पक्षले कुनै पनि बखत सञ्चालित कार्यक्रमको अनुगमन / निरीक्षण गरि सम्झौता मुताविक कार्य भए/नभएको हेर्ने र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

७. दोस्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देखिने गरि अनिवार्य रूपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित होर्डिङ बोर्ड सबैले देख्ने गरि राख्नेछ ।

८. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरू तथा अप्रत्याशित रुपमा सृजित सबै प्रकारका दायित्व र जिम्मेवार दोस्रो पक्ष हुनेछ ।

९. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगति, उपलब्धि एवं कारोबार सम्बन्धी विवरण प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

१०. कार्यक्रम सञ्चालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्न परेमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

११. द्विपक्षीय सम्झौता मुताबिकको काम नभइ रकम दुरुपयोग हुन सक्ने देखिएमा प्रथम पक्षले सम्झौता भङ्ग गर्ने र हिनामिना भए बराबरको रकम दोस्रो पक्षबाट सरकार बाँकी सरह असुल उपरको प्रक्रिया अगाडि बढाउन सक्नेछ ।

१२. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताबिकको डिजाइन, इस्टिमेट र दरभाउ मेसिनरी उपकरण र अन्य सामानहरू खरिद गर्नु पूर्व प्रथम पक्षसँग स्वीकृत गराइ सम्पूर्ण कार्यहरू उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ । यसो नगरेको खण्डमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन ।

१३. प्रथम पक्ष र दोस्रो पक्ष बिच सम्झौताको लागत अनुमानमा देहायको खर्चका श्रोतहरू रहनेछन् ।

क. प्रथम पक्षले व्यहोर्ने लागत रु..

ख. दोस्रो पक्षले व्यहोर्ने लागत रु..
ग. अन्य श्रोतबाट प्राप्त लागत रु....
घ. कन्टिन्जेन्सी रकम रु........... (यो हकमा विशेषज्ञको परामर्श सेवा, मर्मत सम्भार र
निर्माणकार्यको सुपरभिजन प्राविधिक सेवा हेरालु कार्यमा खर्च गर्न सकिनेछ ।)
ङ. प्रस्तावनाको कुल लागत रु.......

१४. दोस्रो पक्षले पेश गरेका बिल, भरपाई, डोरा हाजिरीमा काम गरेका कामदारहरूको दस्तखत, फोटो लगायतका कागजातहरू प्रामाणिक/वास्तविक (Authentic) भएको मानिनेछ। पेश भएका कागजातहरूको सम्बन्धमा प्रश्न उठेमा त्यसको यथार्थता/वास्तविकता पुष्टि/प्रमाणित गर्ने सम्पूर्ण भार/दायित्व दोस्रो पक्षको हुनेछ।
१५. यसमा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छापः | संस्थाको छापः |

साल......... महिना........... गते रोज...........शुभम् ।(सम्झौतामा आवश्यकता मुताबिकको अन्य सान्दर्भिक बुँदाहरू थप गर्न सकिनेछ ।)

**प्रमाणीकरण मितिः २०८२/१२/२९ गते** **आज्ञाले**

**गणेश बहादुर श्रेष्ठ**

**नि. प्रमुख प्रशासकीय अधिकृत**